मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वर्ष २ | अंक २५० | २०८१ साल श्रावण १४ गते सोमबार | Monday 29, July 2024 | सूर्योदय: बिहान ५:२८ बजे | सूर्यास्त: साँझ ६:५६ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## पूर्णरुपमा तस्करी रोक्न एसपी ढुंगेलको निर्देशन



समाचार पृष्ठ ४ मा

# दलित बालिकामाथि सामूहिक बलात्कार

## डरधम्कीले २० दिनपछि प्रहरीमा जाहेरी, आरोपीहरु फरार

*गुजरा–४, कनकपुर गाउँका २० वर्षीय शेख इञ्जमाम, २१ वर्षीय शेख मुस्ताक र २५ वर्षीय दीपेन्द्र कुमार दासविरुद्ध जबर्जस्ती करणीलगायतको मुद्दा दर्ता भएको छ भने उनीहरु फरार छन् । घटनाबारे पीडितले परिवारमा जानकारी गराएपछि स्थानिय निकायका केही जनप्रतिनिधि र केही राजनीतिक दलका नेताले परिवारलाई नै दबाब दिन थालेपछि तत्काल घटना बाहिर आउन नसकेको हो । लेनदेनका भरमा सामूहिक बलात्कारजस्तो जघन्य अपराध मिलाउने चलखेलसँगै पीडित परिवारमाथि दिइएको विभिन्न धाकधम्कीका कारण उनीहरू प्रहरीमा तत्काल जान नसकेका हुन् ।*

**सञ्जय मिश्रा**
**रौतहट ।**
गुजरा नगरपालिकाकी एक दलित बालिकामाथि सामूहिक बलात्कारको घटना बाहिर आएको छ । घटना भित्रभित्रै मिलाउन लामो रस्साकस्सी चलेको अन्ततः प्रहरीमा दर्ता भएपछि घटना बाहिरिएको हो । घटनापछि केही स्थानीय जनप्रतिनिधिले लेनदेनमा मुद्दा मिलाउन चलखेल गरेका कारण घटनाको २२ दिनपछि मात्र मुद्दा दर्ता भएको हो ।
गुजरा नगरपालिकाकी उपमेयर रत्ना लामाको पहल र जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा आरोपीहरुविरुद्द इलाका प्रहरी कार्यालय गरुडामा साउन ७ गते मुद्दा दर्ता भएको हो ।
पीडित र पीडक गुजराकै भए पनि घटनास्थल कटहरिया भएकाले मुद्दा गरुडामा दर्ता भएको प्रहरीले जनाएको छ । आरोपी गुजरा–४, कनकपुर गाउँका शेख जफिरका छोरा २० वर्षीय शेख इञ्जमाम, शेख बाकलका छोरा २१ वर्षीय शेख मुस्ताक र रामचन्द्र दास तत्माका छोरा २५ वर्षीय दीपेन्द्र कुमार दासविरुद्ध जबर्जस्ती करणीलगायतको मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालयकी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन् ।
पीडित बालिकाको स्वास्थ्य परीक्षणसमेत भएर आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनुका साथै घटनाबारे थप अनुसन्धान भइरहेको प्रवक्ता गिरीले जानकारी दिइन् । घटना विवरणअनुसार आरोपीमध्ये एकजनाले गुजरा–४, कनकपुर गाउँकै १७ वर्षीया दलित बालिकालाई विभिन्न प्रलोभन दिएर ललाइफकाई असार १५ गते दिउँसो कटहरिया–२, कनकपुर जमुनिया गाउँबीचको चौरमा लगेका थिए । पहिल्यैदेखि त्यहाँ लुकेर बसेका अन्य दुई आरोपीसहित तीनैजनाले बलपूर्वक दलित बालिकालाई पालैपालो बलात्कार गरी मोबाईल फोनबाट भिडियोसमेत बनाएका थिए ।
घटनाबारे पीडित बालिकाले परिवारमा जानकारी गराएपछि स्थानिय निकायका केही जनप्रतिनिधि र केही राजनीतिक दलका नेताले परिवारलाई नै दबाब दिन थालेपछि तत्काल घटना बाहिर आउन नसकेको हो । भित्रभित्रै लेनदेनका भरमा सामूहिक बलात्कारजस्तो जघन्य अपराध मिलाउने चलखेल शुरु भएपछि परिवारजन प्रहरीसम्म पुग्न ढिलाइ भएको हो । पीडित परिवारमाथि दिइएको विभिन्न धाकधम्कीको कारण उनीहरू प्रहरीमा जानसकेनन् ।
घटनाको २० दिनपछि गुजरा नगरपालिकाकी उपमेयर रत्ना लामाले घटनाबारे जानकारी पाएर पीडितको घरमा पुगेर उनीहरूलाई हौसला दिँदै घटनाबारे एसपी घिमिरेलाई जानकारी गराएकी थिइन् । लगत्तै एसपी घिमिरेको निर्देशनमा पीडित परिवारले पीडकविरुद्ध इलाका प्रहरी कार्यालय गरुडामा लिखित जाहेरी दिएका थिए । जाहेरीसँगै एसपी दिलीप घिमिरे, इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी रामेश्वर त्वाती, इलाका प्रहरी कार्यालय विजयपुरका प्रमुख इन्स्पेक्टर इन्द्रमणि अधिकारी आफैँ फिल्डमा खटिएर कानूनी कारबाही प्रक्रिया अगाडि बढाएको गुजराकी उपमेयर लामाले जानकारी दिइन् ।
एसपी घिमिरेले बलात्कारजस्तो जघन्य अपराधलाई लेनदेनका भरमा टुंगो लगाउने कार्य आफैँमा अपराध भएको बताए । उनले यस्तो कार्य गर्ने जोसुकै भए पनि कडा कारबाही हुने बताए । आरोपी तीनैजना फरार रहेकाले उनीहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# सखुवाप्रसौनीमा टेण्डरविनै २८ लाखको सामान खरिद



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवाप्रसौनी गाउँपालिकाले विनाटेण्डर सामान खरिद गरेर आफन्तलाई मोटो रकम भुक्तानी गरेको पाइएको छ । पटकपटक विवादमा आइरहने र आर्थिक अनियमितताको आरोप लागिरहने सखुवाप्रसौनी गाउँपालिकाका जनप्रतिनिधिका बदमासीहरु एकपछि अर्को बाहिर आइरहेका छन् ।
पछिल्लो विवरणअनुसार, सखुवाप्रसौनी गाउँपालिकाले आर्थिक वर्ष २०७९–८० मा वडा नम्बर १ देखि वडा नम्बर ६ सम्मका जनतालाई खानेपानीको सुविधा दिने बहानामा राज्यको ढुकुटीमा तर मार्ने काम गरेको पाइएको छ । खानेपानीका लागि धारा जडानका सामानहरु खरिद गरेर पालिकाले २८ लाख १४ हजार १ सय रुपैयाँ भुक्तानी गरेको देखिएको छ । तर सामान्य नियमकानुनलाई पनि पालिकाले खिल्ली उडाएर विनाटेण्डर, इटेण्डर यति ठूलो भुक्तानी गरेको पाइएको छ । महालेखा परीक्षकको रिपोर्टमै विकास निर्माणका नाममा विना प्रतिस्पर्धा मोटो रकम भुक्तानी गरिएको पाइएको उल्लेख छ ।
महालेखाले नै यस्तो अपारदर्शी, आर्थिक तथा वित्तीय सुशासनको खिल्ली उडाउने काम नगर्न पालिकालाई सुझाएको छ । एकातिर पालिकाले यसरी लाखौँ रुपैयाँ विनाप्रतिस्पर्धा भुक्तानी गरेको पाइएको छ भने अर्कातिर पालिकाका वडाबासीले खानेपानीको सुविधा नपाएको भन्दै सामाजिक सञ्जालमा चर्को आलोचना भइरहेको छ । स्थानीय सर्वसाधारणले पालिकाले पटकपटक यस्तो बदमासी गरेको खबर बाहिर आइरहेको र यसपटक पर्सा क्षेत्र नम्बर ३ बाट पनि केन्द्रीय सरकारमा मन्त्री भएकाले निष्पक्ष छानबिन गर्न अनुरोध गरेका छन् । उनीहरुले पालिकाले खरिद गरेको खानेपानीका धाराहरु जडान त के वडामासमेत नपुगेको र विनाप्रतिस्पर्धा किनिएको मात्रै होइन, किनिएको भनिएको सामान पनि वडासम्म नपुगेको दाबी गरेका छन् ।
सामाजिक सञ्जालमा पालिकाले खरिद गरेको सामान वडासम्म पुगेको कसले देखाउन सक्छ भनेर प्रश्नसमेत गरिएको छ । उनीहरुले किन्दै नकिनिएको सामानको भुक्तानी गरेर पालिकाले आर्थिक अनियमितता गरेकाले छानबिन माग गर्दै पर्साबाट यसपटक धेरै मन्त्री भएको र पर्सा क्षेत्र नम्बर ३ का सांसद राजकुमार गुप्ता पनि मन्त्री भएकाले यस्तो अपराधजन्य कामको छानबिन गरिदिन स्थानीयले फेसबुकमार्फत अपिल गरेका छन् ।

# मिथिलाञ्चलमा मधुश्रावणीको उल्लास

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मिथिलाका नवविवाहिता नारी मधुश्रावणी पर्वको रमझममा रमाइरहेका छन् । पति र पत्नीबीच दाम्पत्य जीवन आत्मीय बन्ने विश्वासले नवविवाहिता नारीले यो पर्व मनाउँछन् । मधुश्रावणी पर्वले विवाहबन्धनमा बांधिएका नारीलाई कसरी दाम्पत्य जीवन चलाउनु पर्छ र मधुर बनाउनु पर्छ भन्ने सिकाउने गरेको जानकारहरु बताउँछन् ।
यतिखेर नवविवाहित महिला श्रृंगारमा सजिएर घर नजिकको फूलबारीमा गीत गाउँदै फूल टिप्ने गरेको दृश्य जताततै देख्न सकिन्छ । साथै, बिहान घरघरमा हुने मधुश्रावणी पूजाले सिंगो मिथिलाञ्चल रमेको छ । मैथिली समुदायले साउन कृष्णपञ्चमीदेखि साउन शुक्ल तृतीयासम्म मधुश्रावणी मनाउने गर्छन् ।
व्रतालु स्नेहा कर्णले विवाहको पहिलो वर्षमा मनाइने यस वर्षले शिवपार्वतीको कथाको माध्यमले सफल दाम्पत्य जीवनको विषयमा सिकाउने बताइन । उनले साँझ साथीहरुसँग मिलेर फूल टिप्ने र बिहान त्यही फूलले पूजा गर्ने गरेको र कथा सुन्ने गरेको बताइन् । अर्का व्रतालु सपना कुमारी कर्णले साँझ फूल टिप्ने र बिहान नागदेवताको पूजा गर्ने गरेको बताइन् । उनले पृथ्वीको उत्पत्ति जस्ता कथामार्फत परिवार सञ्चालन र दायित्वलगायतका विषयविस्तु सम्झाउने गरिएको बताइन् । स्थानीय सुनिता मिश्रले यसपर्वमा खास गरी गौरी र विषहाराको पूजा हुने गरिएको बताइन् । प्रत्येकदिन पूजापश्चात महिला पुरोहितले मधुश्रावणी व्रतको कथा सुनाउँछन् । मधुश्रावणी व्रत कथामा प्रत्येक दिनको छुट्टाछुट्टै १३ वटा कथा छन् ।
पहिलो दिन मौनापञ्चमी र विषहराको जन्मको कथा, दोस्रो दिन बिहुला र मनसाको कथा, विषहरा र मंगला गौरीको कथा, तेस्रो दिन पृथ्वीको जन्म र समुद्र मन्थनको कथा, चौथो दिन सतीको कथा र पतिव्रताको कथा, पाँचौँ दिन महादेवको पारिवारिक कथा सुनाइन्छ । यस्तै, छैठौँ दिन गंगाको कथा, गौरीको जन्मकथा, काम–दहन कथा, सातौँ दिन गौरीको तपस्या, आठौँ दिन गौरीको विवाह वर–तथा–बरियाती, नवौँ दिन मैनाको मोह, गौरीको विवाह, १०औँ दिन कार्तिकको जन्मकथा, गणेशको जन्म र गौरीको नागको कथा, ११औँ दिन सन्ध्याको विवाह र लिलीको जन्मकथा, लिलीको विवाह कथा, १२औँ दिन बाल–वसन्त र गोसाउनको कथा र १३औँ अर्थात् अन्तिम दिन श्रीकर राजाको कथा सुनाइन्छ ।
मधुश्रावणी पर्व मिथिला क्षेत्रको विशिष्ट पर्व भए पनि ब्राह्मण, कायस्थ, भूमिहार र सोनार जातिले मात्रै मनाउने गर्छन् । पर्वमा जाति र स्थानअनुसार विधिमा विविधतासमेत पाइन्छ । ब्राह्मण परिवारमा पूजा अवधिभरि ससुरालीबाट आएको अन्न मात्रै खाने प्रचलन छ । तर अन्य जातिमा भने यस्तो छैन । मिथिलाको सांस्कृतिक जीवनमा मधुश्रावणी पर्वको महत्वपूर्ण स्थान छ । यो पर्व मिथिलाञ्चल क्षेत्रमा मात्र मनाइने भएकाले पनि यसको महत्व झन बढेको हो । यस अवसरमा नवविवाहिता महिलाले विवाहको प्रथम वर्षको श्रावणमा नागपूजा गर्दै आफ्नो सौभाग्यको दीर्घकामना र सुखी जीवनको मंगल कामना गर्दछन् । मधुश्रावणीलाई सौभाग्यको पर्व पनि भनिन्छ । विभिन्न पूजापाठ र संस्कृतिका लागि प्रख्यात मिथिलामा मधुश्रावणी व्रतको विशेष महत्व छ । श्रावणको पवित्र महिनाले नवबधुका लागि खास महत्व राख्छ । मिथिलाका नवविवाहिता बधुले आफ्ना पतिको दीर्घायुको कामना र सम्पूर्ण परिवारको मंगल कामनाहेतु माता विषहरा र उनका पूरै परिवारको पूजा गर्छन् ।



पर्वमा कतिपय कथा शिवपार्वतीको वैवाहिक, रोमाञ्चक प्रसंग एवम् ठव्यौली भरिएका कारण नारी जीवनमा पतिप्रतिको स्नेह, सौहार्दतालाई प्रगाढ बनाउन प्रेरित गर्दछ भने सर्पकी आमा विसहरा र उनको वंशका बारेमा चर्चित कथाले नागको पूजा गर्ने भावनालाई अभिप्रेरित गर्ने जनविश्वाससमेत पाइन्छ । श्रावण महिना आएलगत्तै मिथिलाञ्चलमा लोकसंस्कृतिले भरिएका मधुश्रावणीका गीतसमेत गुञ्जिने गर्छ । यस पर्वमा माटोको मूर्ति, विषहर, गौर बनाइन्छ । नवविवाहिता महिला मधुश्रावणी अवधिमा चोखो भोजन ग्रहण गर्छन् ।
यस अवधिमा नवविवाहिता व्रत बसी श्रीगणेश, माटो र गोबरबाट बनाइएका विषहरा एवम् गौरी–शंकरको विशेष पूजा गर्छन् । मधुश्रावणी व्रतको शुरु र अन्तिम दिनमा व्रतालुद्वारा समाज र परिवारका महिला सदस्यलाई अंकुरित चना, मुंग प्रसादको रूपमा बाँड्ने परम्परा छ । व्रतालु महिला पूजाका समयमा गोसाउनको गीत तथा मधुश्रावणी पर्वसँग सम्बन्धित गीत गाउँछन् र साँझको समयमा कोहबर गीत तथा साँझ गीत गाउने परम्परा छ । पर्वको अन्तिम दिन टेमी दाग्ने (नवविवाहित बधुको दुईवटै घुँडा र खुट्टामा बलिरहेको बत्तीले दाग्ने) परम्परा छ । जुन व्रतालुको दुई वटै घुँडामा फोका उठ्छ, उसको पतिको आयु लामो हुने जनविश्वास छ । यस पर्वले धार्मिकताका साथै घरपरिवार प्रकृतिप्रतिको स्नेह र घरव्यवहारप्रतिको दायित्व निर्वाहको सन्देश प्रवाह गरिरहेको छ ।

# बँदेल मार्न थापिएको धरापमा गैँडा मरेपछि चारजना पक्राउ

**मधेशदृष्टि**
**चितवन ।**
बँदेल मार्न थापिएको विद्युतीय धरापमा परेर गैँडा मरेको छ । भरतपुर महानगर पालिका–२६ मा गैँडा मारेको आरोपमा चारजना पक्राउ परेका छन् । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनका अनुसार, स्थानीयले मकैबारीमा आउने गरेको बँदेल मार्न थापेको विद्युतीय पासोमा परी अन्दाजी १३ वर्षको पोथी गैँडा मरेको हो । शुरुआतमा गैँडा प्राकृतिक कारणले मरेको जस्तो देखिए पनि शव परीक्षणक्रममा विद्युतीय धरापमा पारी मारिएको खुलेपछि अनुसन्धानका लागि चार जनालाई पक्राउ गरिएको प्रमुख संरक्षण अधिकृत पुर्जा पुनले बताए ।
साउन ८ गते दुई जना र साउन १० गते थप दुई जना पक्राउ परेका हुन् । पक्राउ परेका चारै जनालाई चितवन जिल्ला अदालतबाट म्याद थपेर अनुसन्धान भइरहेको छ । गैँडा मार्ने कार्यमा संलग्नलाई पाँच लाखदेखि १० लाख रुपैयाँसम्म जरिवाना र पाँच वर्षदेखि १५ वर्षसम्म कैद सजाय वा दुवै सजाय हुने व्यवस्था छ ।

# आँखा अस्पताल सञ्चालनमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले हस्तक्षेपकारी भूमिका निर्वाह गरेर जानकी आँखा अस्पताल सञ्चालनमा ल्याएकोक छ ।
शुक्रबार अस्पतालको दुवै पक्षसँगै नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी तथा सरोकारवाला पक्षबीच प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंह तथा राज्यमन्त्री केशव रायले समन्वय बैठक गरेर सहमतिमा पुग्ने प्रयास गरेका थिए । यही प्रयासस्वरुप सहमति बनेर आइतबारदेखि अस्पतालमा सेवा शुरु भएको हो ।
जानकी आँखा अस्पताल सञ्चालक समितिका पदाधिकारी र कर्मचारीबीचको विवाद भएपछि अस्पतालमा समस्या भएको थियो ।
सञ्चालक समितिले कोषाध्यक्ष धिरेन्द्र मोहन झालाई बेवास्ता गर्दै आर्थिक कारोबार गरेर केही कर्मचारीलाई पनि निकालेको विरोधमा शुरु भएको आन्दोलनले अस्पतालको सेवा अवरुद्ध भएको थियो ।
कोषाध्यक्ष झाकै अगुवाईमा शुरु भएको आन्दोलनमा नागरिक समाज र विभिन्न राजनीतिक दलका प्रतिनिधिले समर्थन जनाएका थिए । आन्दोलनरत पक्षका चिकित्सकले बन्द रहेको अस्पतालको चौरमा बिरामीलाई सेवा दिइरहेका थिए । अस्पतालबारे स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवको संयोजकत्वमा समिति गठन गरी छानबिन गरिने सहमति भएको छ ।

*यदि तपाईं आफ्नो जिन्दगी बदल्ने व्यक्तिको खोजीमा हुनुहुन्छ भने आफूलाई नै ऐनामा हेर्नुहोस् ।*

*–अब्राहम लिंकन*

## सम्पादकीय

# मन्त्रीका अनुहार र जनताको सरकार

*आइतबार प्रतिनिधि सभाको बैठकमा सत्तारुढ नेपाली कांग्रेसका सांसद तथा पार्टी महामन्त्री विश्वप्रकाश शर्माले नक्कली भुटानी शरणार्थी प्रकरण र गिरीबन्धु चिया बगानबारे छानबिन गर्न आग्रह गरेका छन् । सरकार बनेलगत्तै सत्तारुढ पार्टीबाटै राष्ट्रकै प्रमुख दुई मुद्दामा छानबिन अघि बढाउन माग भएपछि ठूला दलको बहुमतको सरकारले के गर्ला भन्ने जिज्ञासा उत्पन्न भएको छ । पूर्ववर्ती सरकारले यही दुई मुद्दामा छानबिन शुरु भएकाले सरकार ढलेको भनेर जनतामा आस्वस्त हुने आधार दिइरहँदा यी दुई घटनामै जोडिएका पात्रहरु वर्तमान सरकारका प्रमुख अनुहारमा छन् । यतिसम्मकि गिरीबन्धुमा प्रधानमन्त्री केपी शर्मा ओलीको संरक्षण र नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपाली कांग्रेसका पार्टी सभापति शेरबहादुर ◌दउवापत्नी डा। आरजुको नाम जोडिएको छ । यी घटनाको फाइल खोल्ने भन्नेबित्तिकै सरकार ढाल्ने काम भयो भनेर जनताले मानेको र छानेको तर सत्ता सञ्चालनमा पटकपटक मौका पाउँदा पनि चलाउन नजानेको राष्ट्रिय स्वतन्त्र पार्टीले त ब्राण्डिङ नै गरेको छ । यस्तो अवस्थामा सत्तारुढ कांग्रेस र त्यसमा पनि पार्टीका महामन्त्रीले नै आवाज उठाएपछि यो घटनाको छानबिन अघि बढाउनै पर्ने नैतिक दायित्व प्रधानमन्त्री ओली र उनको बहुमतको सरकारलाई दबाब परेको छ ।*

*उसो त वर्तमान सरकारका एक–एक अनुहारहरु विवादको घेरामा छन् । प्रधानमन्त्रीदेखि प्रदेश सरकारका मन्त्रीहरुसमेत विवादमा परेका छन् । उनीहरुको राजनीतिक पृष्ठभूमि राजनीतिक संस्कारको छैन भनेर धमाधम समाचारहरु आइरहेको छ । नेपाली राजनीतिमा आपराधिक पृष्ठभूमिका चेहराबारे गजबले चर्चा हुन्छ । तर राजनीतिमा फेरि तिनै चेहराले जित हासिल गरिरहेका छन् । उनीहरुमाथि चलिरहेको मुद्दाले पनि उनीहरुको राजनीतिक जीवनलाई कुनै कष्ट पुर्याएको देखिँदैन । यस्तो अवस्थामा प्रदेशदेखि केन्द्र सरकारका मन्त्रीहरुको अनुहारले जनतालाई भने विरक्त पारेको छ । कुनै न कुनै काण्डमा परेका, जोडिएका, सहभागी भएका, देखिएका, आरोप खेपिरहेका, मुद्दामा जोडिएका र जनताले प्रश्नैप्रश्न गरिरहेकाहरु सरकारमा वरिष्ठ मन्त्री छन् । यी र यस्तै यावत् प्रश्नहरुले कतै बहुमतको सरकारका नाममा आपराधिक पृष्ठभूमिका नेताहरुको संरक्षणका लागि पो यो सरकार निर्माण भएको हो कि भन्ने प्रश्न सरकार नबन्दै प्रतिपक्षीमा पुगेकाहरुले त गरेकै थिए, अहिले जनता पनि यही प्रश्नको साक्षीकिनारा भएर यो सरकारको शुरुवाती व्यवहारबाटै संशयमा रहन थालेका छन् ।*

*यसको अर्को प्रसंग हो, यी प्रकरणहरुमा छानबिनको काम गरिरहेका नेपाल प्रहरीका डिआइजीको सरुवा प्रकरण । एकातिर सत्तारुढकै हेभिवेट नेताहरुबाट संसदमा दुवै प्रकरणमा छानिबनको रुलिङ । अर्कातिर सरकारले हत्तपत्त अनुसन्धानमा सरिक प्रहरी अधिकृतको सरुवा गरेर मुद्दालाई कमजोर बनाउने संकेत । यी सबै प्रकरणहरुले यो सरकार 'जनताको सरकार' भनेर जति आफूलाई दाबी गरिरहेको छ । कतै शुरुबाटै यसले यो तेज, यो गति र यो भारती बोक्न सक्दैन कि भन्ने आशंका प्रकट गरेको छ । नगरोस् पनि किन रु यावत् नीतिनियम उल्लंघन भएका छन् । विगत उस्तै छन् । अहिले पनि सुधारोन्मुख चरित्र देखिँदैन । शुरुबाटै आडम्बर र धम्कीपूर्ण अभिव्यक्तिसँगै आपराधिक पृष्ठभूमिलाई संरक्षण गर्ने चरित्रको सरकार निर्माणमा कांग्रेस एमालेको जोडबलको संकेत उनीहरुबाटै पनि असन्तुष्टिमा परिणत भइसकेको देखिन्छ ।*

# नयाँ सरकारको दायित्व



धनञ्जय दवाडी

भर्खरै नयाँ सरकार निर्माण भएको छ । परम्परागत प्रतिस्पर्धी दलहरु नै सरकारमा सहकार्य गर्न सहमत भएर साझा समझदारी सार्वजनिक गरेका छन् । दलहरुका निर्णयले जनमतको प्रतिनिधित्व र स्वामित्व दुवै ग्रहण गरेको हुन्छ । सरकार र संसद् आवधिक हुन् तर दलहरु सर्वकालिक हुन् । दल र तिनका नीतिले देशको विकास समृद्धि र अग्रगतिका लागि भूमिका खेल्दछन् । संसद्मा रहेका दलहरु प्रतिस्पर्धी र सहयात्री दुवै हुन् । विषय र एजेन्डाका आधारमा दलहरुले सहकार्य गर्नु र प्रतिस्पर्धा गर्नु सामान्य विषय हुन् । पार्टीका कामकारबाही वा तिनका विचार निर्माणको भूमिकालाई प्रभावकारी बनाउन सक्दा मात्र नेपालको भविष्यप्रति आशा जगाउन सकिन्छ ।

लोकतन्त्र जनमतका आधारमा चल्ने व्यवस्था हो । लोकतन्त्रमा निर्धारित कानुनी व्यवस्थाका आधारमा निर्वाचनका माध्यमबाट जनमतको परीक्षण हुन्छ । जनमतको प्रतिनिधित्व दलहरुले गर्दछन् । संसद् जनप्रतिनिधित्व गर्ने सर्वोच्च थलो हो, जसले सरकारका कामहरुको परीक्षण, नयाँ कानुनको निर्माण वा संशोधन गर्दछ र विधि निर्माणका लागि छलफल र बहसमा भाग लिने गर्दछ । बहसको समाप्तिपछि निर्णयहरु कार्यान्वयनमा पठाउँछ । सामान्यतः संसदीय प्रणालीमा बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री हुन्छन् र उनले नियुक्त गरेका संसद्का सदस्यहरु मन्त्रिपरिषद्का सदस्य हुन्छन् । कार्यकारी अधिकार ग्रहण गर्दछन् । संसदीय प्रणालीमा सरकारको गठन र विघटन संसद्हरुको हातमा हुन्छ । यो संसदको सामान्य प्रक्रिया पनि हो । संसद्मा दलहरुको उपस्थितिले नै मुलुकको शक्ति सन्तुलनको तस्बिर देखाउँछ । नेपालको संसद्मा यसअघि तेस्रो दलले पहिलो र दोस्रो दलको समर्थनमा सरकार सञ्चालन गरेको थियो । अहिले प्रमुख दुई दलको सहकार्यमा प्रधानमन्त्री केपी शर्मा ओलीले ले दुई तिहाइ मतले विश्वास पनि प्राप्त गर्नुभएको छ । नेपालको राजनीतिक इतिहासमा यस्तो विश्वास निकै थोरै पटक मात्र प्राप्त भएको छ । यसैले यो अवसर ऐतिहासिक र महत्वपूर्ण छ ।

वर्तमान अवस्थामा सामाजिक लोकतन्त्रमा विश्वास राख्ने दलका नेता कार्यकर्ताले संसद्लाई वर्गसङ्घर्षको एउटा मोर्चाका रुपमा बुझ्नु उपयुक्त हुन्छ । विगतमा लोकतन्त्र र त्यसको अभ्यासमा कमजोरी रहन गएकाले मानिसका सामूहिक क्षमतामा विकास भएन । नेपाली समाजमा प्रकट भएको वर्गसङ्घर्ष र अन्य मुलुकमा प्रकट भएको वर्गसङ्घर्ष पृथक देखिन्छ । यो पृथक चरित्रले नेपाली क्रान्तिको चरित्र नै पृथक ढङ्गले अगाडि बढेको छ । नेपालको जस्तो वर्गसङ्घर्ष विश्वका अन्य मुलुकका कम्युनिष्ट पार्टीहरुले सामना गर्नु परेको थिएन । नेपालको क्रान्ति परस्पर विरोधीजस्ता लाग्ने पार्टीहरुका बीचको संयुक्त मोर्चाबाट सम्पन्न भयो । क्रान्तिलाई संस्थागत गर्न नेपालका बामपन्थी र प्रजातन्त्रवादीबीच प्रतिस्पर्धा र सहकार्य निरन्तर चलिरहेको छ । एउटै दलले राष्ट्रिय शक्तिका रुपमा आफूलाई विकास गर्न भने सकेको छैन ।

आज विज्ञान र प्रविधिको चुनौती, विकास र काममा मेसिनको प्रयोगले वर्गसङ्घर्ष र तिनमा देखापर्ने पक्षधरता पनि संसदीय सङ्घर्षमा नै प्रकट हुने गरेको छ । यद्यपि हामी समाजवादका आधार निर्माणका चरणमा छौँ । समाजवाद निर्माणको चरण लामो र क्रमबद्ध हुन्छ । नेपालमा समाजवादको आधार निर्माणका क्रममा उपचरणहरु पार गर्दै अघि बढ्नु पर्दछ । पुँजीवादको नभई नहुने चरणबाट गुज्रिएर मात्र समाजवादको यात्रा प्रारम्भ गर्न सकिन्छ । पुँजीवादी उत्पादनका साधन, प्रक्रिया र लाभको वितरण प्रणालीलाई सामाजीकृत गरेर मात्र समाजवादमा पुग्न सकिन्छ । तर यो प्रक्रियामा आत्मगत अवस्था भएर मात्र पुग्दैन, वस्तुगत अवस्था परिपक्व बन्नु पर्दछ । वस्तुगत अवस्था परिपक्व बनाउनका लागि सरकारले अगुवाइ गर्नुपर्दछ । यसका लागि संसदीय क्षेत्रमा श्रेष्ठता प्राप्त गरेर नेतृत्वमा पुग्नु वा सरकार सञ्चालनका प्रक्रियाबाट नीतिहरु परिवर्तन गर्ने प्रक्रियामा लाग्नु महत्वपूर्ण हुन्छ ।

नेपालमा संविधान निर्माणमा क्रियाशील हुने दलहरु नै यसको प्रभावकारी कार्यान्वयनमा उदासीन रहेको इतिहास छ । २०४७ सालको संविधान कार्यान्वयनमा आएपछि त्यसको रक्षा प्रयोग र विकासमा एकजुट हुनुपर्ने दलहरु नै विभाजित बने । तत्कालीन राजनीतिक शक्ति सन्तुलनबाट निर्मित यो संविधानको घेराबाट सबै व्यक्ति र शक्तिहरु बाहिर निस्कँदाको परिणाम नै त्यो संविधानको खारेजी भयो । विगतमा प्रणालीगत सुधार र विकास नगरेकाले नै लोकतन्त्रका जराहरु जनताका तहसम्म फैलिन सकेनन् । नयाँ संविधान कार्यान्वयनमा आएपछि पनि बर्तमान समयमा व्यवस्थापिका र यसका अङ्गहरुबीच सौहार्द्रपूर्ण अन्तरसम्बन्ध विकास गरेर नयाँ सोच र शैलीमा अघि बढ्नुपर्नेमा दलहरु एक अर्कालाई उपयोग गर्ने र सत्तामा टिक्ने भ्रममा केन्द्रित भए । परिणामतः जनतामा चरम निराशा, ठप्प प्रायः विकास निर्माण, कमजोर अर्थतन्त्र, चरम भ्रष्टाचार र उदासीनताले प्रश्रय पायो । यसबाट क्रन्तिका उपलब्धि सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति नै प्रश्नहरु उठ्न थाले ।

लोकतान्त्रिक प्रणालीमा नै प्रहार गर्न दक्षिणपन्थी शक्ति र प्रवृत्तिले चलखेल गर्न खोजे । जसले लोकतान्त्रिक क्रान्तिको नेतृत्व गरेका मुख्य ठूला दलहरुलाई क्रान्तिका उपलब्धिहरुको रक्षा गर्ने र समृद्ध मुलुक निर्माण गर्ने चुनौती स्वीकार गर्न आवश्यकता बोध भयो र यो गठबन्धन निर्माण भयो । विगतका गल्तीबाट सिक्ने र प्रतिस्पर्धात्मक क्षमता विकास गरेर लोकतन्त्रलाई स्थायित्व दिन जरुरी छ । व्यवस्थाप्रति जनविश्वास आर्जन गर्न, जनताका बीचमा गरिएका वाचा पूरा गर्ने र गरिएका काम र प्राप्त उपलब्धिहरुको युक्तिसङ्गत जनतामा विश्वास सिर्जना गर्नुपर्दछ । लोकरिझ्याइँमा विश्वास गर्ने दलहरुले समस्याको उठान त गरे तर समाधान दिने सामथ्र्यमा चुकेकाले आज प्रणालीमै प्रश्नहरु उठेका छन् । उठेका सबै प्रश्नको युक्तिसङ्गत र विश्वासनीय जवाफ सरकारले दिनुपर्दछ र विश्वास बढाउनुपर्छ । सङ्घीय लोकतान्त्रिक व्यवस्थाको जनविश्वासलाई जगेर्ना गर्न र जनतामा यस सङ्घीय व्यवस्था र जनप्रतिनिधिप्रति सिर्जना गरिएको भ्रमको पहाड भत्काउन सकिन्छ । दलका र तिनका क्रियाकलापबाट सङ्घीय लोकतान्त्रिक प्रणालीप्रति विश्वासमा बढोत्तरी गर्न सकिन्छ । प्रतिनिधित्व र नेतृत्वको सुनिश्चितताले मात्र व्यवस्थाप्रति विश्वास बढ्छ ।

वर्तमान सरकारका चुनौतीहरुपनि बेग्रेल्ती छन् । यसका लागि प्रभावकारी अनुगमन संयन्त्र हुन जरुरी हुन्छ । सबैभन्दा प्रभावकारी अनुगमन गर्ने संस्थाहरु भनेका आमजनसमुदाय नै हुन् । संसद्हरु निर्णय, प्रतिवेदन र निर्देशनहरु समयमा नै दिनसक्ने र कार्यान्वयन गर्न सक्ने हुनुपर्दछ । संसद्का काम कारबाहीहरुको अनुगमनका लागि संस्थागत संयन्त्र, पर्याप्त स्रोत र साधन, दक्ष जनशक्तिको आवश्यकता हुन्छ । अनुगमन मूल्याङ्कनलाई वस्तुगत र विश्वस्त बनाउन सरकारले काम गर्नुपर्दछ । सही ढङगले साधन, स्रोत र शक्तिको दक्षतापूर्ण परिचालन भएन भने सङ्घ, प्रदेश र स्थानीय तहका योजनाहरुको प्रभावकारी कार्यान्वयन हुन सक्दैन । सार्वजनिक शिक्षा, स्वास्थ्य, रोजगारी र सेवा प्रवाहका क्षेत्रमा समस्याहरु छन् । सहकारिता, सहअस्तित्व र समन्वयमा साथ अगाडि बढ्नु पर्ने तीनै तहका सरकारमा होडबाजी बढेको देखिन्छ । यसैलाई आधार बनाएर सङ्घीय प्रणालीका विपक्षमा हुनेहरुले आलोचनामा धेरै समय खर्चिएका छन् ।

राजनीतिको वर्तमान नेतृत्व क्रान्तिकालीन नेतृत्व हो । अब निर्माण र समृद्धिको नेतृत्व गर्ने समय हो । यही नेतृत्वले देखेको सपना समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य प्राप्तिका लागि सरकारले पूर्ण दक्षताका साथ काम गर्नुपर्दछ । यस प्रक्रियामा पन्छिएर तटस्थ वा नकारात्मक हुने छुट राजनीतिक दलहरुलाई रहँदैन । वर्तमानमा युवा पुस्ताको पेसाप्रतिको लगाव र चिन्तालाई नै ख्याल गर्नका लागि प्रणालीको विकास पहिलो अनिवार्य सर्त हो । वर्तमान गठबन्धनबाट संविधान र कानुन कार्यान्वयनमा उठेका प्रश्नको उत्तर दिन सकिन्छ र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ बनाउन सकिन्छ । राजनीतिक स्थायित्व सिर्जना गर्नका लागि पनि चुनौतीहरुको सामना दलहरुबीचको एकताबाट गर्न सकिन्छ । यो सहकार्यले नवनेपाल निर्माणमा देखापरेका चुनौतीको सामना गर्न सकिन्छ । संविधानको संशोधन, राष्ट्रिय हितको रक्षा, सुशासन र भ्रष्ट्राचार नियन्त्रण र विकास निर्माणमा तीव्रता दिनु वर्तमान सरकारको दायित्व हो । दुई ठूला दलबीचको समझदारी र परिपक्व नेतृत्वबाट समृद्धिको युगको नेतृत्व गर्न सकिन्छ । स्थिर सरकार र संसद्मार्फत प्रणालीको विकास सम्भव छ ।

संविधानले दिएको स्वतन्त्रतालाई उपयोग गरेर समाजलाई गतिशील बनाइरहनु पर्दछ । दल र तिनका नेतृत्वले कार्यकर्तालाई गतिशील र क्रियाशील बनाइरहेनन् भने संविधान आफैँले स्वतन्त्रता, भ्रातृत्व र समानताको सुनिश्चित गर्दैन । लोकतन्त्रमा दल र सरकार पृथक कुरा हुन् । सरकार आवधिक हो तर दलहरु सर्वकालिक हुन् । लोकतन्त्रको चरित्रले दलहरुलाई बदल्छ तर दलहरुको दर्शन, तिनलाई प्राप्त जनविश्वास र कार्यशैलीले मुलुकको लोकतन्त्रको भविष्य तय गर्दछ । यसैले हाम्रो मुलुकमा दल र तिनका क्रियाकर्ममा लोकतन्त्र निर्भर छ । नेपालमा आधारभूत रुपमा राजनीतिक काम सकिएको छ । अब आर्थिक विकासको काममा सबै दलको ध्यान केन्द्रित हुनु पर्दछ ।

लोकतान्त्रिक व्यवस्थामा पनि दलहरुले सरकारमा हुँदा र नहुँदा प्रदर्शन गर्ने व्यवहारले लोकतन्त्रलाई सहयोग पुगेको छ । सङ्घीयता एक जटिल पद्धति हो । यसको समुचित व्यवस्थापन गर्नु अहिलेको मुख्य कार्यभारको रूपमा बुझ्नुपर्दछ । नागरिकको जनमतबाट अनुमोदित भएको सङ्घीयताको फल प्राप्त गर्नका लागि प्रत्येक व्यक्ति थप जिम्मेवार र जवाफदेही बन्नुपर्दछ । संविधानले समाजवादसम्म जान सकिने प्रस्ट पारेको छ । नेपाली कांग्रेसले आफ्नो राजनीतिको प्रारम्भिक दिनमा लोकतान्त्रिक समाजवादलाई आफ्नो लक्ष्य निर्धारण गरेको थियो । नेपाली कम्युनिष्टहरु पनि पुँजीवादबाट गुज्रिएर नै समाजवादमा पुग्ने हुँदा दुवैको साझा गन्तव्य पुँजीको विकास र समृद्धि नै हो । दुवै दल एक भएर राजनीतिक स्थायित्व र मुलुक निर्माणमा सहमत भएका बेला द्रुत विकास प्राप्त गर्ने अवसरहरु छन् ।

लोकतन्त्र विधिको शासन हो । विधि निर्माता जनप्रतिनिधि हुन् । जनप्रतिनिधिहरु दलबाट आएका हुन्छन् तर ती प्रतिनिधिहरुको मूल स्रोतले हाम्रो लोकतन्त्रको मूल चरित्रमा प्रभाव पारिरहेको तथ्यलाई बिर्सन मिल्दैन । सरकारमा पुगेका जनप्रतिनिधिहरुलाई आसेपासेबाट जोगाउनु पर्दछ । आसेपासेहरुबाट मुक्त लोकतन्त्रले नै हाम्रा समस्याको समाधान र सुरक्षित भविष्यको निर्माण गर्दछ । संवैधानिक स्वतन्त्रताका लागि क्रियाशील हुनेछन् । लोकतन्त्र जति प्रभावकारी र सङ्घीयता सबल भए मात्र समृद्ध नेपाल बन्छ । सरकारले आफ्नै अनुभवबाट पाठ सिक्दै अघि बढ्ने, नियन्त्रणमुखी शासन सञ्चालनबाट सहजीकरणमुखी शासन सञ्चालनतिर बढ्ने, सुविधामुखी राजनैतिक र प्रशासनिक प्रणालीबाट सेवामुखी नेतृत्व प्रणालीतिर जान, राजनैतिक इच्छा शक्ति विकास गर्न सरकारले ध्यान दिनुपर्दछ । यही सहकार्यलाई सहज रुपमा अघि बढाउन सकिंदा नेपालको भविष्य उज्ज्वल बन्छ । लोकतन्त्र थप सुदृढ र प्रभावकारी बन्छ, जनविश्वास बढ्छ । रासस

## स्वास्थ्य

# मिर्गौलाका बिरामीले के गर्ने ?

## मिर्गौलामा पत्थरी भएका बिरामी छुनै नहुने केही खानेकुराः




–बढी नुनको सेवनले मिर्गौलाको पत्थरीको समस्या बढाउन सक्छ । जङ्क फुडमा नुनको मात्रा धेरै हुन्छ, जसका कारण जङ्क फुड र अन्य नुनिलो खानेकुराबाट टाढा रहनुपर्छ ।

–धेरै प्रोटिन भएको खानाले पनि मिर्गौलाको पत्थरीको समस्या बढाउन सक्छ । विशेष गरी पशुबाट पाइने प्रोटिनहरू जस्तैः अण्डा, मासु, माछा र अन्य ननभेज खानेकुराहरू खानु हुन्न । प्रोटिनले युरिक एसिड बढाउँछ, जसले पत्थरीको समस्या बढाउन सक्छ ।

–रोग प्रतिरोधात्मक क्षमताका लागि सिट्रस फलफूललाई रोग फाइदाजनक मानिन्छ । तर मिर्गौलामा पत्थरी भएका बिरामीले यी खानेकुरा सीमित मात्रामा मात्र खानुपर्छ । सिट्रस फलफूलमा भिटामिन सी हुन्छ । यसको अधिक मात्राले अक्सलेट उत्पादन बढ्छ जसका कारण मिर्गौलामा पत्थरी बढ्छ ।

–मिर्गौलाको पत्थरीबाट पीडित व्यक्तिहरूले पालुङ्गो खानु हुन्न । यसमा अक्सालिक एसिडको मात्रा बढी हुन्छ, जो शरीरमा अक्सालेटमा परिणत हुन्छ । यसका कारण मिर्गौलामा पत्थरी बन्न सक्छ ।

–मिर्गौलाको पत्थरी भएका बिरामीले हलुका पेय पदार्थ र इनर्जी ड्रिङ्कको सेवन टाढा रहनुपर्छ । यी पेय पदार्थमा फस्फोरिक एसिड हुन्छ जसले मिर्गौलाको पत्थरीलाई अझ बढाउन सक्छ । यस्तो अवस्थामा हलुका पेय पदार्थ सकेसम्म कमै मात्र सेवन गर्नुपर्छ ।

## अन्तर्राष्ट्रिय

# पोर्न फिल्म हेरेर बहिनीको बलात्कारपछि हत्या



**भारत ।**

गत अप्रिल २४ मा भारतको मध्यप्रदेशको रेवामा ९ वर्षीया बालिकाको बलात्कारपछि हत्या भएको घटनाको अनुसन्धान गरिरहेको प्रहरीले नयाँ तथ्य फेला पारेको छ । प्रहरीले किशोर दाजुले मोबाइलमा पोर्नोग्राफिक भिडियो हेरेपछि बालिकालाई यौन दुर्व्यवहार गरेको र त्यसपछि उनको हत्या गरेको पत्ता लगाएको हो । उनका आमा र दुई दिदीहरूले घटना लुकाउन मदत गरेको पनि प्रहरी अधिकारीको भनाई छ । प्रहरीले घटनाको अनुसन्धान गरी ५० जनासँग सोधपुछपछि पीडितका १३ वर्षीय दाजु, आमा र १७ र १८ वर्षका दिदीबहिनीलाई शनिबार नियन्त्रणमा लिएको थियो । घटनाविवरण दिँदै प्रहरी उपरीक्षक विवेक सिंहले भने, 'गत अप्रिल २४ मा नौ वर्षीया बालिकाको बलात्कारपछि घाँटी थिचेर हत्या गरिएको थियो, त्यसपछि प्रहरीले मुद्दा दर्ता गरी अनुसन्धान थालेको थियो ।'

उनले भने, 'घटनाको समयमा उनी सुतिरहेको घरको आँगनबाट पीडितको शव फेला परेको थियो । परिवारका सदस्यसँग गहन सोधपुछपछि पीडितको १३ वर्षीय दाजु राति उनको छेउमा सुतेको खुलासा भएको थियो । मोबाइलमा अश्लील भिडियो हेरेर किशोरले बहिनीलाई बलात्कार गरेको पत्ता लाग्यो ।' पीडितले यो कुरा बुबालाई बताइदिने धम्की दिएपछि किशोरले उनको घाँटी थिचेर हत्याको प्रयास गरेपछि आमालाई उठाएर त्यसबारे जानकारी दिए । त्यसपछि उनले पीडित अझै जीवित रहेको थाहा पाए। त्यो देखेपछि आरोपीले फेरि उनको घाँटी थिचेर हत्या गरेको सिंहले बताए ।

यसैबीच, उनका दुई दिदीबहिनी पनि उठे र प्रहरीलाई जानकारी गराउनुअघि नै सबैले आफ्नो ओच्छ्यान परिवर्तन गरे । तर, बारम्बार सोधपुछपछि उनीहरूले अपराध स्वीकार गरेका थिए । किशोर, उनका दुई दिदीबहिनी र आमालाई नियन्त्रणमा लिएर थप कानुनी कारबाही भइरहेको सिंहले बताए ।

*मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।*

# ‘भाथा धाम’ मेलामा दर्शनार्थीको आकर्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा राष्ट्रिय निकुञ्जभित्र पर्ने दुग्धेश्वरनाथ महादेवको मन्दिरमा लाग्ने ‘भाथा धाम’ मेलामा दर्शनार्थीको आकर्षण बढदै गएको छ । साउन महिनाभर लाग्ने सो मेलामा खासगरी साउने सोमबार भक्तजनको विशेष घुइँचो हुने गरेको छ । सो मेलामा दर्शनार्थीको उपस्थिति बढेको मेला समितिका विगा महतोले जानकारी दिए । साउनको प्रत्येक सोमबार बारा, पर्सा, रौतहटसहित चितवन, मकवानपुर र भारतबाट समेत हजारौको संख्यामा भाथा धाम मेलामा दर्शनार्थीहरु पुग्ने गर्दछन् ।

चुरेको फेदी र चारकोसे झाडीबीचको घाँसेमैदानको फाँटमा लाग्ने मेलामा भारतीय दर्शनार्थीको आकर्षण बढ्दो रहेको दर्शनार्थी भानु पटेलले बताए ।

दुग्धेश्वरनाथ महादेवको मन्दिर सयौँ वर्ष पुरानो रहेको र यसलाई समयानुकुल नयाँ शैलीमा बनाउने क्रम भने जारी रहेको छ । जनश्रुतिअनुसार निकै अगाडि ‘गोठालाहरूले यो पवित्र स्थान पत्ता लगाएको’ मानिन्छ । कथाअनुसार पर्साका रैथाने थारू गोठालाले चुरेको डाँडामा विश्राम गरिरहँदा त्यसमध्ये एकजनाले त्यहाँ रहेको सेतो रंगको ढुंगा महादेवको शिवलिंग भएको सपना देखे । उतिबेला जंगली जनावरबाट आफूलाई र पशुधनलाई जोगाउन झुन्डमै जंगलमा गाईभैंसी लिएर पस्ने चलन थियो । उनले अरू गोठालालाई सपनाको कुरा सुनाए । उनीहरू सामूहिक रूपमा डाँडामाथि पुगे । सेतो शिवलिंग आकारको ढुंगाबाट दूध बगेको देखे । उनीहरूले त्यहाँ पूजा गरेर फर्किए र त्यसपछि दर्शनका लागि जान थालिएको हो । पहिले काठको मन्दिर बन्यो । त्यो पुरानो आकर्षक मन्दिर भत्काएर अहिले त्यहाँ पक्की मन्दिर बनाइएको छ ।

मन्दिरमा दर्शनगर्न जाने दर्शनार्थीहरुले प्राकृतिक मनोरमसँगै मेलामा थारु समुदायका संस्कृति र परम्परा अनुसारको नाँच, गान, भजन कीर्तन, चारैतिर वनभोजको माहोलले त्यस क्षेत्रमा धार्मिक पर्यटकको छुट्टै आकर्षण बढदै गएको छ । धार्मिक पर्यटनसँगै पर्या–पर्यटनको दृष्टिकोणले नेपालकै प्रमुख गन्तव्य बन्न सक्ने भाथा धाम तथा दुधेश्वनाथ महादेवको मन्दिर परिसरको संरक्षण, सम्बद्र्धन गर्दै प्रचुर मात्रामा प्रचारप्रसार गर्न सके यसले मधेश प्रदेशको पर्यटन प्रवद्र्धनमा महत्वपूर्ण योगदान पुर्याउन सक्ने संस्कृतविद् एवं नेकपा एमाले पर्साका अध्यक्ष डा.विश्वम्भर शर्माको भनाइ छ ।

# लागुऔषधसहित भारतीय नागरिक पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी पर्सा बल पर्साले लागुऔषध चरेशसहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

नेपालबाट भारततर्फ जाँदै गरेको अवस्थामा पर्साको पोखरीया नगरपालिकाबाट १२ किलोग्राम लागुऔषध चरेशसहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको सशस्त्र प्रहरीले जनाएको छ । विशेष सूचनाको आधारमा जाँच गर्दा मोटरसाइकलको सिटमुनि लुकाइछिपाई लैजादै गरेको अवस्थामा उक्त परिमाणको चरेश बरामद भएको सशस्त्र प्रहरी पर्साका प्रमुख राधेश्याम धिमालले बताए । पक्राउ परेका व्यक्ति भारतीय नागरिक भए पनि बाँकी परिचय नखुलेको उनले बताए ।

सशस्त्र प्रहरीले पक्राउ परेकाको साथबाट बीआर २२ एबी १२९२ नम्बरको मोटरसाइकल नियन्त्रणमा लिएको जनाएको छ । बरामद चरेश र मोटरसाइकलसहित भारतीय नागरिकलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय पर्साको जिम्मा लगाइएको सशस्त्र प्ररहरी पर्साले जानकारी दिएको छ । यसैगरी सशस्त्र प्रहरी बलले चार केजी लागुऔषध गाँजासहित दुई जना भारतीय नागरिकलाई जगरनाथपुर गाउँपालिकाको दसौताबाट पक्राउ गरेको जनाइएको छ । सशस्त्र प्रहरीले उनीहरुको साथबाट बीआर २२ बीजे ३८९५ नम्बर मोटरसाइकलसमेत बरामद गरेको छ ।

**१४ लाख बराबरको सामान बरामद**

जिल्ला प्रहरी कार्यालय बाराले १४ लाख २४ हजार बराबरको तस्करीको सामान बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय बारा, प्रहरी चौकी कचोर्वा, प्रहरी चौकी श्रीनगरबाट खटिएको टोलीले विश्रामपुरगाउँपालिकाको बलिरामपुर, सिम्रौनगढ नगरपालिकाको बसबरिया र पचरौता नगरपालिकाको श्रीनगर बैरियाबाट राजस्व छलि भित्र्याईएको भारतीय कपडा, औषधी, इलेक्ट्रिक सामानलगायतका १४ लाख रुपैयाँभन्दा बढीको सामान बरामद गरेको बारा प्रहरीका प्रवक्ता प्रकाश सापकोटाले जानकारी दिए ।

# लागुपदार्थ दुर्व्यसन र कारोबारमा फस्दै युवा



**महोत्तरी ।**
जिल्लामा लागुपदार्थको कारोबार र दुव्र्यसनमा धेरैजसो युवापुस्ता फस्ने गरेका छन् । सीमा वारपार हुने लागुपदार्थ कारोबार र दुव्र्यसनमा युवापुस्ताको संलग्नता बढी पाइएको प्रहरी अनुसन्धानमा देखिएको छ ।

गत आर्थिक वर्ष २०८०÷८१ मा लागुपदार्थ दुव्र्यसन र ओसारपसारमा संलग्न भएको आरोपमा पक्राउ परेका ७१ मध्ये अधिकांश २० देखि ३० वर्ष उमेर समूहका छन् । कूलमध्ये दुईजना महिला रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । गत वर्ष सोही प्रकृतिका ५३ मुद्दा अदालतमा दर्ता भएका थिए ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक सन्तुलाल जयसबारका अनुसार गत आवमा खैरो हेरोइन १८ ग्राम सात सय ९६ मिलीग्राम बरामद गरी अभियुक्तलाई कारबाही प्रक्रिया अघि बढाइएको छ । भारतबाट नेपालतर्फ ल्याइएका विभिन्न नामका एम्पुल, टेबलेट, झोल र १५ हजार दुई सय ६४ क्याप्सुल बरामद भएको छ । यसमा सबैभन्दा बढी नाइट्राभेट ट्याब्लेट आठ हजार पाँच सय ९१, डाइजेपाम दुई हजार ४१, प्रोमेथाजाइन एक हजार १६ ट्याब्लेट र बुप्रेनोफिन एम्पुल (सुई) एक हजार दुईवटा बरामद भएको प्रहरीको अभिलेखमा उल्लेख छ । यी लागुऔषधसहित पक्राउ पर्नेमा ६० प्रतिशतभन्दा बढी २० देखि ३० वर्ष उमेर समूहका युवा छन् ।

भारतबाट नेपालतर्फ ल्याएर कारोबार गरिने यी लागुपदार्थमा ट्यालगेसिस, डाइक्लोफेन सोडियम, फेनारगन, एक्सिप्लोन, नाइट्राजेपाम, बुलुस्पास, स्पास्मोप्रोक्सिभिन, नुफिन ट्याब्लेट, क्याप्सुल, एम्पुल (सुई) र झोल प्रहरीले बरामद गरी कारोबारमा संलग्नलाई कारबाही गरेको छ । नेपालबाट भारततर्फ लगिने गाँजा गत आवमा १२ क्विन्टल ९६ किलो बरामद गरिएको प्रहरी नायब उपरीक्षक जयसबारले जानकारी दिए । ‘भारततर्फ लगिने गाँजाको कारोबारमा संलग्नको उमेर समूह छ्यासमिस छन् तर भारतबाट नेपालतर्फ ल्याइने लागुऔषध कारोबार र दुव्र्यसनमा अधिकांश युवा छन्’ प्रनाउ जयसबारले भने ।

प्रहरीले लागुपदार्थ दुव्र्यसन र कारोबारविरुद्ध निरन्तर सचेतना अभियान सञ्चालन गरेको जनाएको छ । देखासिकीबाट लागुपदार्थ दुव्र्यसनको लत बस्दै गएर पछि तिनै कारोबारमा संलग्न हुने प्रहरीको भनाइ छ । लागुऔषधविरुद्धको अभियानमा विद्यालयका शिक्षक, सामाजिक सङ्घसंस्था र अभिभावकको भूमिका बढ्नुपर्ने प्रहरी अधिकारी बताउँछन् । रासस

# पर्सामा सवारी दुर्घटना बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
आर्थिक वर्ष २०८०/८१ मा सवारी दुर्घटनामा परेर पर्सामा ५१ जनाले ज्यान गुमाएका छन् । गत आवमा ४३ पुरुष, साता महिला र एकजना बालिकाको ज्यान गएको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक भाष्कर खतिवडाले पर्सामा सवारी दुर्घटनामा परेर ज्यान गुमाउनेको संख्या अघिल्लो आवको तुलनामा आव २०८०/८१ मा एकतिहाइले बढेको बताए । आव २०७९/८० मा भने २९ पुरुष, पाँच–पाँचजना महिला र बालकको गरी ३९ जनाको ज्यान गएको थियो ।

प्रहरी निरीक्षक खतिवडा अघिल्लो आवको तुलनामा गत आवमा सवारी दुर्घटना संख्या पनि बढेको बताए । आव २०८०/८१ मा सात सय ९६ र आव २०७९/८० मा भने चार सय ९८ सवारी दुर्घटना भएका थिए ।

# रौतहटका अग्रज पत्रकार साह र मिश्र सम्मानित

**रौतहट ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का केन्द्रीय सदस्य अजयकुमार गुप्ताले यातायात सुविधाका हिसावले सुगम, समथर एवं उर्वरभूमि र मेहनती जनता भए पनि तराईका अन्य जिल्लाको तुलनामा रौतहट पछि परेको बताएका छन् । रौतहट दृष्टि साप्ताहिकको १७औँ वार्षिकोत्सवका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा उनले जनउत्तरदायी एवं इमानदार नेताको अभावमा रौतहट जिल्ला पछि परेको बताए ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आर्थिक मन्दी देखिएको र त्यसको प्रभाव पत्रकारिता क्षेत्रमा पनि परेको उल्लेख गर्दै एमाले नेता गुप्ताले भने, ‘आर्थिक अभावका कारण आमसञ्चार क्षेत्र अस्तव्यस्त छ ।

देश र जनताको पक्षमा अहोरात्र खट्ने पत्रकारलाई राज्यका तर्फबाट आवश्यक सहयोग सम्मान प्रदान गर्नुपर्दछ । सञ्चार उद्योग र पत्रकारका पक्षमा सदैव आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्दछु ।’ सो अवसरमा अग्रज पत्रकारद्वय सञ्जय साह ‘मित्र’ र श्रीमन नारायण मिश्रलाई सम्मानसहित पुरस्कृत गरिएको थियो ।

रौतहट दृष्टि साप्ताहिकका प्रकाशक–सम्पादक शैलेन्द्र झाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झा, प्रेस चौतरी नेपाल, रौतहटका अध्यक्ष आदर्श उपाध्याय, समाजवादी प्रेस सङ्गठन नेपाल, रौतहट शाखाका प्रतिनिधि दिनेश सङ्गम, रेड टेलिभिजनका अध्यक्ष जयप्रकाश यादवलगायतले मन्तव्य व्यक्त गर्दै रौतहटको पत्रकारितामा रौतहट दृष्टि साप्ताहिकले पु¥याएको योगदानको चर्चा गरेका थिए । रासस

# मदिरासहित दुई मोटरसाइकल बरामद



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटबाट सीमावर्ती भारततर्फ लैजादै गरेको १७५ बोतल सौंफी रक्सीसहित प्रहरीले दुई थान मोटरसाइकल बरामद गरेको छ ।

प्रहरी चौकी औरैयाबाट खटिएको टोलीले जिल्ला ईशनाथ नगरपालिका वडा नम्बर २ स्थित सडकखण्डमा चेकजाँच गर्ने क्रममा नेपालबाट भारततर्फ जाँदै गरेको विआर ०५ एम ६८८१ र विआर ०५ एसएफ ०७९९ नम्बरको मोटरसाइकल रोक्न खोज्दा दुवै चालक मोटरसाईकल छोडेर भागेका थिए । प्रहरीले चेकजाँचको क्रममा उक्त मोटरसाइकलको सिटभित्र र तेल ट्याङ्किको मुनि लुकाई छिपाई राखेको २५० मिलिको १७५ बोत्तल सोफि रक्सी बरामद भएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन् ।

बरामद अवैध सोफि रक्सी र मोटरसाईकल नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी आन्तरिक राजस्व कार्यालय गौरमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालयको सूचनामा उल्लेख गरिएको छ ।

भारतको बिहार राज्य सरकारले मदिरा उत्पादन विक्रीवितरण तथा सेवनमासमेत प्रतिबन्ध लगाएको कारण सीमासँग जोडिएको नेपाली बजारहरुबाट तस्करीको माध्यमले नेपाली मादिराहरु त्यहाँ जाने गरेको पाइन्छ ।

# शान्ति सुरक्षाको प्रत्याभूति दिलाउने प्रतिबद्धता



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट स्थित ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरका प्रमुख डिएसपी राज कुमार राईले नागरिकलाई शान्ती सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउने प्रतिवद्धता जनाएका छन् । दुई दिन अघिमात्र प्रमुखको कमाण्ड सम्हालेका डिएसपी राईले आइतबार आयोजित परिचयात्मक कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल सरकारको नीति नियमको पालना गर्दै आमजनताको ज्यान धनको सुरक्षामा कुनै कमी हुन नदिने प्रतिबद्धता जनाए ।

चन्द्रनिगहपुरमा सम्पन्न परिचयात्मक कार्यक्रममा चन्द्रपुर र गुजरा नगरपालिकाका वडाका अध्यक्षहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधि, समाजसेवी, नागरिक समाज, उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ, सुनचाँदी व्यवसायी संघका प्रतिनिधी, महिला अधिकारकर्मी, बैंक वित्तिय संस्थाका प्रतिनिधि, अस्पतालाका प्रतिनिधि, यातायात व्यवसायी संघका प्रतिनिधिलगायतका पदाधिकारीहरूको सहभागिता रहेको थियो । उक्त परिचयात्मक कार्यक्रममा डिएसपी राईले चन्द्रपुर र गुजरा क्षेत्र भित्रको समग्र शान्ति सुरक्षाको सम्बन्धमा राय सुझावसमेत लिएका थिए ।

# करेन्ट लागेर बालकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा करेन्ट लागेर एक बालकको मृत्यु भएको छ । जिल्लाको माधवनारायण नगरपालिका वडा नम्बर ३ मा करेन्ट लागेर एक बालकको मृत्यु भएको हो ।

माधवनारायण नगरपालिका वडा नम्बर ३ सखुअवाका कृष्ण राय यादवको अढाई बर्षीय छोरा डंका राय यादवको आइतबार मृत्यु भएको भएको हो ।

आफ्नै घरको पंखा चलाउन जोडिएको नाङ्गो विद्युतीय तारमा छुँदा उनलाई करेन्ट लागेर अचेत भएका थिए । गौर चन्द्रपुर सडकखण्डको सुकदेव चौकस्थित एक निजी अस्पतालमा उपचारको क्रममा बालकको मृत्यु भएको तथा घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# लालबन्दी नगर वाङ्मय पुरस्कारका लागि कृति छनोट


**मधेशदृष्टि**
**सर्लाही ।**
लालबन्दी नगर वाङ्मय परिषद् भाषा तथा साहित्य पुरस्कार–२०८१ का लागि छनोट दश वटा कृतिहरु सिफारिस भएका छन् । लालबन्दी नगर वाङ्मय परिषद्ले एक विज्ञप्ति जारी गर्दै भाषा, कला, साहित्य, संगीगीत तथा संस्कृतिको संरक्षणका लागि स्थापित उक्त परिषद्ले पुरस्कारका लागि दश कृति छनोट गरेको सूची सार्वजनिक गरेको हो । सूचीकृत भएका दश कृतिहरूमध्येबाट उत्कृष्ट एक कृतिलाई वाङ्मय परिषद्ले पुरस्कृत गर्ने परिषद्का अध्यक्ष अच्युत अधिकारीद्वारा जारी विज्ञप्तीमा जनाइएको छ । उक्त पुरस्कारको राशि ५० हजार नगद र सम्मानपत्र रहेको छ ।

स्वतन्त्र विज्ञहरूसहितको सम्मान तथा पुरस्कार छनोट समितिको सिफारिसमा रमेश सायनको अन्तर, यज्ञराज उपाध्यायको काली कर्णालीको लोकसाहित्य र संस्कृति, नगरकोटीको जोगियाना, प्राडा ध्रुवेशचन्द्र रेग्मीको नेपाली संगीगीत दरबार, धीरेन्द्र प्रेमर्षिको पुरुष परीक्षा, मोमिला जोशीको प्रश्नहरू त बाँकी नै रहन्छन्, खेम बतासको बुढीपोल्ली, अखण्ड भण्डारीको बोरा, भूपिनको भूपिनका कविता र मोहन मैनालीको मुकाम रणमैदान परेको विज्ञप्तिमा जनाइएको छ ।

# नेपाल, भारत र बंगलादेशबीचको विद्युत व्यापार सम्झौता रोकियो

**मधेशदृष्टि**
**वीरगंज ।**
आइतबारका लागि तय भएको नेपाल, भारत र बंगलादेशका मन्त्रीबीचको विद्युत् व्यापारको त्रिपक्षीय सम्झौता रोकिएको छ । आरक्षणको विरोधमा बंगलादेशको हिंसात्मक आन्दोलनका कारण उक्त सम्झौता रोकिएको हो । ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले नेपाल, भारत र बंगलादेशीसँग हुने भनिएको त्रिपक्षीय विद्युत व्यापार सम्झौता रोकिएको बताए । सम्झौताका लागि अर्को मिति तय गरिने उनले बताए । तीन देशका मन्त्रीको उपस्थितिमा आइताबर विद्युत् व्यापार सम्झौता गर्ने तयारी भएको थियो । सम्झौता नेपाल विद्युत् प्राधिकरण, एनभीभीएन भारत र बंगलादेश पावर डेभलप्मेन्ट बोर्ड (बीपीडीबी) बीच गर्ने गरी तयारी भएको थियो । नेपालमा उत्पादन भएको ४० मेगावाट विद्युत् बंगलादेश, भारत र नेपालका निकायहरुबीचको त्रिपक्षीय सम्झौता अनुसार ५ वर्षसम्म खरिदका लागि बोलपत्र (टेण्डर) आह्वान गरेको थियो । नेपालले प्रत्येक वर्षको ५ महिना जुन १५ तारिखदेखि नोभेम्बर १५ तारिखसम्म बिजुली निर्यात गर्ने सम्झौचा गर्ने तयारी गरेको थियो । प्रतियुनिट बिजुलीको मूल्य ६.४ सेन्ट नेपालले पाउने गरी सम्झौता गर्ने तयरी थियो । नेपालले ५ वर्षको विद्युत् निर्यातबाट १ अर्ब २३ करोड रुपैयाँ आम्दानी गर्ने बताइएको थियो ।

## भारतलाई १६ अर्ब ९३ करोड रुपैयाँको बिजुली बिक्री



गत आर्थिक वर्ष २०८०/०८१मा १६ अर्ब ९३ करोड रुपैयाँको विद्युत् भारततर्फ निर्यात भएको छ । नेपाल विद्युत् प्राधिकरणले गत आवको साउनदेखि असारसम्म १ अर्ब ९४ करोड २६ लाख युनिट विद्युत् भारतर्फ निर्यात गरी १६ अर्ब ९३ करोड २६ लाख रुपैयाँ आम्दानी गरेको छ ।
नेपाल विद्युत् प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) को डेअहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटीपीसी विद्युत् व्यापार निगम ली–एनभिभिएनलाई बिक्री गरिरहेको छ ।
एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ । निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट ८ रुपैयाँ ७२ पैसा छ ।
प्राधिकरणले गत आवमा १६ अर्ब ८१ करोड ३ लाख रुपैयाँको विद्युत् आयात गरेको छ । गत आवमा आयातभन्दा १२ करोड २३ लाख रुपैयाँको बढी विद्युत् भारततर्फ निर्यात भएको छ ।

# नदी प्रदुषित गर्ने उद्योगको गेटमा महानगरले थुपार्यो फोहोर

**मधेशदृष्टि**
**वीरगंज ।**
सिर्सिया नदी प्रदुषित गर्ने उद्योगहरुमा वीरगंज महानगरपालिकाले कारबाही स्वरुप नगर क्षेत्रबाट संकलन गरिएका कचरासहितको फोहोर लगेर फयाँकी दिएको छ । नदीमा प्रदुषण नगर्न पटक पटक चेतावनी दिनुका साथै आर्थिक जरिबाना गर्दापनि नटेरेपछि आइतबार बिहानै वीरगंज महानगरपालिकाले तीन वटा उद्योगमा कचरासहितको फोहोर व्याक्टरमा लगेर उद्योगको गेटभित्रै खसालेर थुपारी दिएको हो ।




महानगरपालिका वडा नम्बर २१ परवानीपुरस्थित अर्निका प्रोसेसिङ उद्योग प्रालि, श्रीसिद्धि टेक्सटाइल्स प्रालि र मोरियम लेदर इण्डस्ट्रिजमा गरी ९ ट्याक्टर कचरासहितको फोहोर लगेर थुपारी दिएको वीरगंज महानगरको सरसफाई व्यवस्थापन महाशाखाका प्रमुख सरफुदिन मियाँले जानकारी दिए । यसअघि गत बैशाख ९ गते वीरगंज महानगरले नदि प्रदुषित गर्ने उद्योगहरु सिल गर्ने तयारी गरेपछि त्यहि दिन ९ वटा उद्योगका सञ्चालकहरुले महानगरपालिकामै पुगेर १५ दिनको समय माग्दै नदीमा प्रदुषण नगर्ने लिखित रुपमै सामुहिक प्रतिबद्धता जनाएका थिए ।
तर उक्त प्रतिबद्धता जनाएको ३ महिना बितिसक्दापनि नदीको प्रदुषण नरोकिएपछि बाध्य भएर कारबाही स्वरुप आइतबार अटेरी गर्नेमध्येका ३ वटा उद्योगमा महानगरले सहरबाट संकलन गरिएको कचरासहितको फोहोर लगेर थुपारी दिएको हो ।
गत असोज २९ गते वीरगन्ज महानगरमा पर्सा र बारा दुवै जिल्लाका सुरक्षा निकायका प्रमुख र उद्योगीहरु सहभागी बैठकले गत छठ पर्व अगाडि नै (कार्तिक महिनामा) सिर्सिया नदीको प्रदुषण नरोकिए सिलबन्दी गरेर उद्योगलाई कारबाही गर्ने लिखित निर्णय नै गरेको थियो । उक्त बैठकमा पनि उद्योगीहरुले सिर्सिया नदिमा भइरहेको प्रदुषण रोक्ने प्रतिबद्धता पनि जनाएका थिए । त्यसअघि १४चैत २०७९ मा वीरगंज महानगरपालिकाले सिर्सिया नदी प्रदुषण गरेका वीरगंज–पथलैया औद्योगिक कोरिडोरमा रहेका पाँच वटा उद्योगलाई ३/३ लाख रुपैयाँ जरिबाना समेत गरेको थियो ।

# पूर्णरुपमा तस्करी रोक्न एसपी ढुंगेलको निर्देशन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका प्रहरी प्रमुख (एसपी) कुमोध ढुंगेलले जिल्लामा पूर्णरुपमा तस्करी रोक्न मातहातका प्रहरी निकायलाई कडा निर्देशन दिएका छन् । जिल्ला प्रहरी कार्यालय पर्सामा आइतबार भएको छलफलमा मातहतका सबै प्रहरी प्रमुखसँग ब्रिफिङ लिँदै उनले जिल्लाको शान्ति सुरक्षा र तस्करी नियन्त्रणमा सक्रिय भएर लाग्न निर्देशन दिएका हुन् । साउन महिनामा जिल्लाका विभिन्न ठाउँमा लाग्ने गरेको मेलालाई थप व्यवस्थित र सुरक्षित बनाउन उनले मातहतका प्रहरी प्रमुखलाई निर्देशन दिएका हुन् । प्रहरी निकायसँगको छलफलमा उनले भने, ‘पछिल्लो समय पर्सा जिल्लामा फाटफुट रूपमा तस्करी भइरहेको गुनासाहरू आइरहेको छ । अब यस्ता गुनासाहरु काहीँ कतैबाट सुन्न नपरोस्, आ–आफ्नो एरियाबाट हुने तस्करीलाई नियन्त्रण गर्न सक्रिय भएर लाग्नुस् । यदि कसैले तस्करी गराएको, ‘लाइन क्लियर’ गराएको सूचना आए दोषीलाई त्यहीबेला कारबाही गरिन्छ ।’ विभागको नीतिभन्दा बाहिर गएर कसैलाई काम गर्ने छुट नभएको बताउँदै उनले सेवाग्राहीलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिए । प्रहरी प्रमुख ढुंगेलसँगको ब्रिफिङमा मातहतका चौकी इन्चार्ज र इलाका प्रहरी कार्यालयका इन्चार्जसहित सबै प्रमुखहरुको उपस्थिति थियो ।




पछिल्लो समय नेपाल प्रहरी र सशस्त्र प्रहरीले तस्करीमा कडाई गरेपछि तस्करहरु छटपटिएका छन् । उनीहरुले प्रहरीका घुमुवाहरुलाई प्रभावमा पारी तस्करी गराइरहेको समाचार प्रकाशन÷प्रसारण भएका थिए ।

# हवाई दुर्घटनाका कारण मुलुकको साख नै कमजोर बन्योः साह

**मधेशदृष्टि**
**वीरगंज ।**
सांसद प्रभु साहले हवाई दुर्घटनाले दुनियाँमा नेपालको इमेज ध्वस्त भएको बताएका छन् । युरोपेली आकाशमा नेपाली जहाज प्रतिबन्ध भएको प्रसंग पनि ल्याएर उनले यस्तो बताएका हुन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा बोल्दै सांसद साहले दुर्घटनाको जिम्मेवारी जिम्मा कसरले लिने भन्दै प्रश्न गरे । छानबिन समिति बन्दा सानातिना कर्मचारीलाई दोष देखाउने भन्दै साहले सरकार र प्राधिकरणले नैतिक जिम्मेवारी देखाउनुपर्ने बताए । यस्तै जहाज दुर्घटना हुँदा प्रधानमन्त्री र राज्य संयन्त्र लागेर घटनास्थलमा पुगेको, उद्धार चाँडो भएको तर १५ दिन अगाडीको दुर्घटनामा मान्छे बचाउन नसके पनि लास ल्याउन र जनतालाई राहत दिन सरकार




चुकेको साहले बताए । बस दुर्घटना पीडितहरूले बीमाको पनि पैसा नपाएको भन्दै साहले सरकारले विभेदको गरेको आरोप लगाए ।
बैठकमा सांसदहरुले हवाई दुर्घटनाका कारण मुलुकको साख नै कमजोर बनेको भन्दै त्यसको कारण पत्ता लगाएर तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण गराए । बैठकको विशेष समयमा सांसद शिशिर खनालले परीक्षणका लागि कास्कीको पोखरा लैजान खोजिएको सौर्य एयरलाइन्सको जहाजमा अप्राविधिक व्यक्ति किन चढाइएको हो भन्ने प्रश्न गरे । सांसद धवलशम्सेर जबराले नेपाल नागरिक उड्डयन प्राधिकरणको नियमन र सेवा प्रदायक नछुट्याउँदा समस्या पैदा भएको, मुलुक कालोसूचीमा परेको बताए । सांसद मेटमणि चौधरीले डेडिकेटेड र ट्रङ्कलाइन प्रयोग गर्ने उद्योगले महसुल तिर्नैपर्ने बताए । सांसद रञ्जुकुमारी झाले सौर्य एयरलाइन्सको दुर्घटनाको निष्पक्ष छानबिनको माग गरे । सांसद अब्दुल खानले पछिल्लो १५ दिनमा हृदय विदारक घटना भएको उल्लेख गर्दै सौर्य एयरलाइन्स र सिमलताल दुर्घटनामा परेका नागरिकप्रति सरकारले विभेद गरेकामा गुनासो गरे । सांसदद्वय गंगाराम चौधरी र राजकिशोर यादवले पनि बस दुर्घटना र हवाई दुर्घटनामा परेका नागरिकप्रति राज्यले नै विभेद गरेको बताए । उनले मर्मत सम्भारमा जान लागेको जहाजमा महिला, बालबच्चा किन राखियो भन्ने प्रश्न गरे । त्यसैगरी सांसद रामप्रकाश चौधरीले खेतीको समयमा किसानले यथेष्ट मात्रामा रासायनिक मल प्राप्त गर्न नसकेको भन्दै गुनासो गरे ।

# त्रिशूलीमा बेपत्ता बस नभेटिएपछि भारतीय टोली फर्कियो

**मधेशदृष्टि**
**वीरगंज ।**
चितवनको सिमलताल पहिरोमा परी त्रिशूलीमा बेपत्ता बस नभेटिएपछि भारतीय टोली आइतबार फर्किएको छ । असार २८ गतेदेखि त्रिशूलीमा बेपत्ता २ वटा यात्रुबाहक बस खोज्न साउन ४ गते १२ जनाको भारतीय टोली नेपाल आएको थियो । लगातार ८ दिनसम्म अत्याधुनिक प्रविधिसहित त्रिशूलीका विभिन्न ठाउँमा हराएका खोज्दा पनि नभेटिएपछि भारतबाट आएको टोली फर्किएको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख डा



भीष्मकुमार भूसालले जानकारी दिए । शुक्रबार बस खोज्न भारतीय टोलीले ल्याएको चुम्बक नै हराएको थियो । अत्याधुनिक सोनार क्यामेरा लगायतका उपकरणसहित १२ सदस्यीय टोलीले खोजी कार्य सुरु गरेको थियो । भारतीय टोली फर्किए पनि नेपाली उद्धार टोलीले भने खोजी कार्य जारी राख्ने डा. भूसालले जानकारी दिए । असार २८ गते चितवन महानगरपालिका–२९, सिमलतालमा गएको पहिरोले बगाउँदा त्रिशूलीमा खसेर २ वटा यात्रुबाहक बस बेपत्ता छन् । वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको बागमती प्रदेश–०३–००६ ख १५१६ नम्बरको एन्जल डिलक्स बस र काठमाडौंबाट गौरतर्फ आउँदै गरेको बागमती प्रदेश–०३– ००१ ख २४९५ नम्बरको गणपति डिलक्स बसलाई लेदो सहितको पहिरोले बगाएर त्रिशूली नदीमा हुलेको थियो । १७ औं दिनसम्म विभिन्न उपकरणसहित खोजी कार्य जारी राख्दासमेत हराएका २ वटै बस भेटिएका छैनन् । दुबै बसमा रहेका कुल ६५ यात्रुमध्ये ३ जना हामफालेर बाँचेका थिए भने अहिलेसम्म २० जनाकोमात्रै शव भेटिएको छ । त्यसमध्ये ४ जनाको शव अझै सनाखत हुनसकेको छैन । २ जनाको शव भारतीय भूमिमा फेला परेको थियो । बसमा सवार बाँकी यात्रुको अवस्था अझै अज्ञात छ । दुर्घटनामा परेका कतिपय यात्रुका परिवारले कुशको शव बनाएर अन्तिम दाहसंस्कार प्रक्रिया पनि पूरा गरिसकेका छन् । पछिल्लो समय बसमा यात्रारत यात्रुका शवसमेत फेला पर्न छाडेकाले बस फेला पर्ने सम्भावना न्यून रहेको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका एक कर्मचारीले बताए ।






# श्रीलंकालाई पहिलो पटक एसिया कपको उपाधि




**मधेशदृष्टि**
**वीरगंज ।**
साविक विजेता भारतलाई आठ विकेटले पराजित गर्दै घरेलु टोली श्रीलंका पहिलो पटक एसिसी महिला ट्वान्टी–२० एसिया कपको च्याम्पियन बनेको छ । श्रीलंका छैटौं प्रयासमा उपाधि जित्न सफल भयो । यसअघिका पाँच फाइनल खेलमा श्रीलंका भारतसँगै पराजित भएको थियो । रंगिरी डम्बुला अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भारतले प्रस्तुत गरेको १६६ रनको लक्ष्य श्रीलंकाले १८.४ ओभरमा मात्र दुई विकेट गुमाउँदै पूरा गर्यो । श्रीलंकका लागि हर्षिता समराविक्रमाले ५१ बलमा ६ चौका र दुई छक्काको मद्दतले अविजित ६९ रनको योगदान गरिन् । यसैगरी कप्तान चमारी अट्टापट्टुले ४३ बलमा नौ चौका र दुई छक्काको मद्दतले ६१ र काविशा दिलहरीले अविजित ३० रन बनाए । हर्षिताले दोस्रो विकेटका लागि अट्टापट्टुसँग ८७ र तेस्रो विकेटका लागि दिलहरीसँग अविजित ७३ रनको साझेदारी गरिन् । भारतका लागि एक मात्र विकेट दिप्ती शर्माले लिइन् । त्यसअघि टस जितेर ब्याटिङ रोजेको भारतले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १६५ रनको योगफल तयार पारेको थियो । भारतका लागि स्मृति मन्धनाले ४७ बलमा १० चौकाको मद्दले सर्वाधिक ६० रन बनाइन् । यसैगरी ऋचा घोषले ३०, जेमिमाह रोड्रिगेजले २९, सफाली वर्माले १६ र कप्तान हरमनप्रित कौरले ११ रन बनाए । श्रीलंकका लागि काविशा दिलहरीले दुई तथा उदेशिका प्रबोधनी, सचिनी निसन्सला र चमारी अट्टापट्टुले समान एक विकेट लिए । फाइनलको ‘प्लेयर अफ दी म्याच’ हर्षिता समराविक्रमा भइन भने अट्टापट्टुलाई प्लेयर अफ दी टुर्नामेन्टको पुरस्कार प्रदान गरियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन